आज मिति २०७६ साल भाद्र ३० गते मङ्गलवारका दिन वेसीशहर नगरपालिकाका प्रमुख गुमान सिंह अर्याल ज्यु को अध्यक्षतामा ६० औं बैठक बसी तपसिल बमो जिम उपस्थितीमा तपसिल बमोजिम छलफल एवं निर्णयहरु गरीयो ।

उपस्थिती :-

१.	प्रमुख	श्री	गुमान सिंह अर्याल
२.	उप- प्रमुख	श्री	लक्ष्मी देवी अधिकारी
३.	वडा अध्यक्ष	वडा नं. १	श्री बलराम श्रेष्ठ
४.	"	" " २	श्री गणेश बहादुर कडेल
५.	"	" " ३	श्री सुर्य कुमार श्रेष्ठ
६.	"	" " ४	श्री लालवीर गुरुङ
७.	"	" " ५	श्री बम बहादुर गुरुङ
८.	"	" " ६	श्री भोज बहादुर रिमाल
९.	"	" " ७	श्री गोविन्द बहादुर बस्नेत
१०.	"	" " ८	श्री पवित्रा थापा राना
११.	"	" " ९	श्री शरद बराल
१२.	"	" " १०	श्री पूर्ण बहादुर थापा
१३.	"	" " ११	श्री अच्युत बाबु बगाले
१४.	कार्यपालीका सदस्य	श्री	विष्णु माया राना
१५.	"	"	श्री मतिदेरा दनाई
१६.	"	"	श्री देव बहादुर गहतराज
१७.	"	"	श्री अजय मजाकोटी
१८.	"	"	श्री मनमाया गुरुङ
१९.	"	"	श्री दोज बहादुर खवास
२०.	"	"	श्री कृष्ण नेपाली
२१.	"	"	श्री आशा तामाङ
२२.	सदस्य सचिव	श्री	पुष्पराज पौडेल

सहजकर्ता कर्मचारी

२३. कार्यक्रम अधिकृत श्री मैघेन्द्र पोखरेल

२४ अधिकृत श्री विमला गैहे

निर्णयहरु

निर्णय नं १ : लागत साझदारीमा सडक कालोपत्रेको लागि प्रस्ताव आह्वान गर्ने सम्बन्धमा ।

सातौं नगरसभाबाट चालु आव २०७७/०७८ मा साविक झैं नगरपालिकाको ६० प्रतिशत र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा सडक कालोपत्रेको लागि एकमुष्ठ रु. ५० लाख विनियोजन गरिएको हुँदा उक्त बजेटबाट कालोपत्रे गर्ने सडकहरु छनौट गर्नको लागि ३० दिनको म्याद दिई स्थानीय उपभोक्ताहरुबाट प्रस्ताव माग गर्ने निर्णय गरियो ।

निर्णय नं २ : लागत साझदारीमा सामुदायिक भवन निर्माणको लागि प्रस्ताव आह्वान गर्ने सम्बन्धमा ।

चालु आव २०७७/०७८ मा नगरपालिका र स्थानीय उपभोक्ताको ५०/५० प्रतिशत लागत साझेदारीमा सामुदायिक भवन निर्माण तथा स्तरोन्नति गर्न इच्छुक स्थानीय उपभोक्ताहरुबाट नगरसभाबाट पारित मापदण्ड समेतका आधारमा प्रस्ताव पेश गर्नको लागि ३० दिनको म्याद दिई सूचना निकाल्ने निर्णय गरियो ।

निर्णय नं ३ : लागत साझदारीमा सामुदायिक भवन निर्माण (दलित समुदाय लक्षित) को लागि प्रस्ताव आह्वान गर्ने सम्बन्धमा ।

चालु आव २०७७/०७८ मा नगरपालिकाको ७० प्रतिशत र र स्थानीय उपभोक्ताको ३० प्रतिशत लागत साझेदारीमा दलित समुदाय लक्षित सामुदायिक भवन निर्माण तथा स्तरोन्नतिको लागि सामुदायिक भवन निर्माण तथा स्तरोन्नति गर्न इच्छुक स्थानीय उपभोक्ताहरुबाट नगरसभाबाट पारित मापदण्ड समेतका आधारमा प्रस्ताव पेश गर्नको लागि ३० दिनको म्याद दिई सूचना निकाल्ने निर्णय गरियो ।

निर्णय नं ४ : ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।

गत आव २०७६/०७७ मा ठेक्का संझौता भई कार्य सम्पन्न हुन बाँकी रहेका एवम् सातौं नगरसभाबाट क्रमागत शिर्षकमा बजेट विनियोजन गरिएका देहायका योजनाहरुको ठेक्का संझौताको म्याद मिति २०७७ कार्तिक मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

देहाय

१.धुरपुरे दिहीथोक सितलेस्वाँरा बाखेजगत सडक- पुरानोकोट जलदेवी कन्ट्रक्शन प्रालि, बेसीशहर
२.बेसीशहर मैयु सारिङ मनाङ सडक-उर्लेनी दुदुगाउँ कन्ट्रक्शन धुलिखेल (समपुरक अनुदान)
३.पुरानोकोट भ्यूटावर तथा शान्ति स्तुपा निर्माण- सिद्धि विनायक निर्माण सेवा, बेसीशहर
४.बेसीशहर मैयु सारिङ सेरा सडक बेसीशहर नगरपालिका ६ र ७ (प्रदेश सशर्त) कर्ण विल्डर्स प्रालि काठमाण्डौ
५.फूलबारी मञ्च व्यवस्थापन- तीनकन्या कन्ट्रक्शन बेसीशहर
६. तिलाहार बजार मञ्च, शौचालय र भवन निर्माण- मोती कन्ट्रक्शन बेसीशहर

निर्णय नं ५ : चालु आवमा ठेक्का बन्दोबस्ती गर्ने योजनाहरुको सम्बन्धमा ।

गत सातौ नगरसभाबाट पारित देहायका योजनाहरु गत कार्यपालिका बैठकको नीतिगत निर्णय समेतका आधारमा ठेक्का प्रक्रियाद्वारा कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय :

१.धुरपुरे दिहीथोक विम्दा सितलेस्वाँरा बाखेजगत सडक रु. १ करोड (प्रदेश समपुरक)
२.बेसीशहर मैयु सारिङ मनाङ सडक ५० लाख (प्रदेश सशर्त)
३.बेसीशहर बाँझाखेत हिले कार्कीडाँडा चिती तिलाहार सडक रु. ४० लाख

४.भकुण्डे काफलस्वाँरा चिसापानी चम्डिला पुरानोकोट सडक ४० लाख
५.पुरानोकोट गढी भ्यूटावर तथा शान्तिस्तुपा निर्माण ३५ लाख
६. कर्पुरेश्वर पार्क स्तरोन्नति २५ लाख
७.उदीपुर रिठ्ठेबगर भकुण्डे तिलाहार बस्नेतगाउँ सडक स्तरोन्नति ५० लाख

निर्णय नं ६ : पर्यटन पूर्वाधार साझेदारी आयोजना छनौट गर्ने सम्बन्धमा ।

नेपाल सरकार संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७७।५।२ मा प्रकाशित प्रदेश र स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना/कार्यक्रम प्रस्ताव आव्हान गरिएको सूचना वमोजिम चालु आव २०७७/७८ र तत् पश्चात साझेदारी मार्फत कार्यान्वयन हुने आयोजनाको लागि यस बेसीशहर नगरपालिकाबाट देहायको योजना छनौट गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

देहाय :

१.पुरानोकोटगढी भ्यूटावर तथा शान्तिस्तुपा निर्माण, बेसीशहर नगरपालिका -४, पुरानकोटगढी

निर्णय नं ७ : झोलुंगे पुल निर्माणको लागि योजना छनौट गरी पठाउने सम्बन्धमा ।

प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेश पोखराले नयाँ झो.पु निर्माण गर्नको लागि सूचना प्रकाशन गरे अनुरुप देहायका झो.पु. आयोजनाहरु छनौट गरी पठाउने निर्णय गरियो ।

देहाय :

१. मर्स्याङ्दी नदी झो.पु. बेसीशहर ८ मलामी चौर र बेसीशहर १० बाँझाखेत (झप्री)
२. मर्स्याङ्दी नदी झो.पु बेसीशहर ६ चनौटे र बेसीशहर १० आपडाँडा
३. डुडेखोला पुल बेसीशहर ९ दिहीथोक र बेसीशहर ५ ज्यार्खाङ
४. पुमाखोला पुल बेसीशहर ७ (तल्लोसाम्दी र मैयु)
५. भलामखोला पुल बेसीशहर ६ (गोतामेथोक र सेरा)
६. मर्स्याङ्दी नदी झो.पु. बेसीशहर १ उदीपुरबगर र बेसीशहर ११ रामचोकबेसी
७. ध्वाँखोला झो.पु. बेनपा ११ देउगुजे फेदी
८. ध्वाँखोला झो.पु. बेनपा ११ (कार्कीडाँडा र तिलाहार)
९. बेलौती बिसौना झो.पु. बेसीशहर ६ बेलौतीबिसौना (बेसीशहर चामे सडक मार्गमा)
१०. मजुवाखोला झो.पु.बेसीशहर ८ सेरा र बेसीशहर ३ फेदीचौतारा

निर्णय नं ८ : ठेक्का संझौताको म्याद थप सम्बन्धमा ।

बेसीशहर नगरपालिका क्षेत्र भित्र प्राकृतिक श्रोत (बालुवा, गिटी, ग्राभेल) उत्खनन्, संकलन तथा विक्रीको लागि मिति २०७७।०३।२१ र २०७७।४।११ मा प्रकाशित सूचना अनुसार छनौट भएका फर्म/कम्पनीहरुसंगको ठेक्का संझौता र जडीबुटी तथा कवाडी करको ठेक्का संझौता बढ्दो कोरोना संक्रमण जोखीम न्यूनीकरणका लागि जारी भएको निषेधाज्ञाका कारण रोकिन पुगेको हुँदा सो सम्झौता गर्ने म्याद २०७७ असोज ७ गतेसम्म थप गरी संझौता कार्य अघि बढाउने निर्णय गरियो ।

निर्णय नं ९ : अनुगमन कार्यदल गठन सम्बन्धमा ।

नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत ढुंगा,गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ९ को उपदफा ७ वमोजिम बेसीशहर नगरपालिका क्षेत्र भित्रको ढुंगा, गिटी, बालुवा

उत्खनन्, संकलन तथा बिक्री कार्य वातवरणीय अध्ययन प्रतिवेदन वमोजिम भए नभएको नियमित अनुगमन गर्नको लागि तपसिल वमोजमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

१. उपप्रमुख श्री लक्ष्मीदेवी अधिकारी संयोजक, बेसीशहर नगरपालिका
२. प्रविधिक शाखा प्रमुख श्री विशाल ढकाल सदस्य, बेसीशहर नगरपालिका
३. राजश्व शाखा प्रमुख श्री सुशिला श्रेष्ठ सदस्य, सचिव बेसीशहर नगरपालिका

निर्णय नं १० : ढल फिल्टरको लागि जग्गा खरीद सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ७ र ८ मा ढल फिल्टरको लागि जग्गा खरीद गर्नुपर्ने भएकोले १५ दिनभित्र जग्गाको खोजी गरी सिफारिश गर्नको लागि निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

क. वडा नं ७ को हकमा

वडाध्यक्ष श्री गोविन्द बस्नेत संयोजक
कार्यपालिका सदस्य श्री मनमाया गुरुङ सदस्य
अमिन (प्राविधिक)श्री विनोद न्यौपाने सदस्य सचिव

ख. वडा नं ८ को हकमा

वडाध्यक्ष श्री पवित्रा थापा संयोजक
कार्यपालिका सदस्य श्री आशा तामाङ सदस्य
अमिन (प्राविधिक)श्री विनोद न्यौपाने सदस्य सचिव

निर्णय नं ११ : पर्यटकीय पूर्वाधार निर्माणको लागि मापदण्ड निर्धारण सम्बन्धमा ।

सातौं नगरसभाबाट ५ वटा गाउँमा पर्यटकीय पूर्वाधार निर्माणको लागि ५ लाखका दरले रकम विनियोजन गरिएको सन्दर्भमा योजना छनौट र कार्यान्वयनको लागि देहायको मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

क. उक्त योजना पर्यटन पूर्वाधारको क्षेत्रमा योगदान पुऱ्याउने खालको हुनुपर्ने ।
ख. उक्त योजनाले पर्यटकीय गाउँका अधिकतम् घरपरिवारलाई फाइदा हुनुपर्ने ।
ग. विनियोजित रकम रु ५ लाखमध्ये कम्तिमा ३ लाख ५० हजार (७० प्रतिशत) सामुदायिक पूर्वाधारमा लगाउनु पर्ने र बढीमा १ लाख ५० हजार (३० प्रतिशत) होमस्टे घरहरुको कोठाको स्तरोन्नतिमा खर्च गर्न सकिने । सवै रकम सामुदायिक पूर्वाधारमा मात्र पनि लगाउन पनि सकिने ।
घ. पर्यटकीय गाउँको आम भेलाबाट योजना छनौट गरी वडाको सिफारिश सहित नगरपालिकामा पेश गर्नुपर्ने र नगर कार्यपालिकाको बैठकबाट स्वीकृत हुनुपर्ने ।
ङ. योजना कार्यान्वयनको प्रक्रियाहरु अन्य योजना सरह नै हुने ।

निर्णय नं १२ : सडक मर्मत सम्भार कोषबाट सडक मर्मत गर्ने सम्बन्धमा ।

बर्षात्को समयमा बिग्रे भत्केका बढी महत्वपूर्ण सडकहरुको मर्मत सम्भारको लागि मर्मत सम्भार कोष शिर्षकमा विनियोजित बजेट सीमा भित्र रही सम्वन्धित प्राविधिकबाट इष्टिमेट तयार गरी, प्रयोग गर्ने मेसिन (जेसिवी) बारे नगरपालिकामा जानकारी गराई (पूर्व सहमति लिई) प्राविधिकको मूल्यांकनको आधारमा जेसिवी सञ्चालकलाई भुक्तानी दिने गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं १३ : मर्मत सम्भार कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

बेसीशहर नगरपालिका अन्तर्गतका साधन, औजार, उपकरण तथा पूर्वाधारजन्य योजनाहरुको नियमित तथा आवधिक मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १४ : गरीवसंग विश्वेश्वर कार्यक्रमका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्राप्त भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च. नं २०९ मिति २०७७/०५/०८ को पत्रानुसार गरीबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत बेसीशहर नगरपालिकामा कार्यरत सामाजिक परिचालकहरुको सेवाकरारको म्याद २०७७ श्रावणदेखि २०७८ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं १५ : विपद व्यवस्थापनतर्फको रकम बाँडफाँड सम्बन्धमा ।

सातौं नगरसभाबाट विपद् व्यवस्थापनतर्फ विनियोजित रु ३५ लाखलाई देहाय बमोजिमका शिर्षकमा बाँडफाँड गर्ने निर्णय गरियो ।

क. बाढी पहिरो पीडितहरुलाई राहत सहयोग : रु २० लाख

ख. कोभिड सम्बन्धी राहत सहयोग : रु १० लाख

ग. अन्य विपद सहयोग : रु ५ लाख

निर्णय नं १६ : सहजी बसपार्कको लकडाउन अवधीको शुल्क सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ७ स्थित सहजी बसपार्कको आव २०७६।०७७ मा पार्किङ शुल्क उठाउनको लागि बेसीशहर नगरपालिका र चम्पावती निर्माण सेवा विच मिति २०७६।५।२५ मा संझौता भई संझौताका बखत नै सो निर्माण सेवाले रु ३,४२,०००।- (तीन लाख बयालिस हजार मात्र) रकम दाखिला गरी पार्किङ शुल्क उठाउँदै आएकोमा नेपाल सरकारले कोरोना जोखीम नियन्त्रणको लागि मिति २०७७।१२।११ देखि लक डाउनको आदेश जारी गरेको कारण सार्वजनिक सवारी साधन चल्ने/चलाउने कार्य समेत ठम्प भई २०७७ असार मसान्त सम्म नै पार्किङ शुल्क उठाउने अवस्था नरहेको हुँदा सो निर्माण सेवाका सञ्चालक श्री भिमलाल गुरुङले क्षतिपुर्तीको लागि पेश गरेको निवेदन समेतका आधारमा छलफल हुँदा जम्मा ३०९ दिनका लागि ठेक्का संझौता भएको र लक डाउन अवधीको ११४ दिन शुल्क उठाउन नपाएको कारण ११४ दिनको हुन आउने रकम रु १,२६,०००।- (एक लाख छब्बीस हजार मात्र) राजश्व फिर्ता खर्च शिर्षक नं २८२११ बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १७ : गत आवमा त्रिवेणीधामको बालुवा गिटी, ग्राभेल उठाउन नसकिएको सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ११ त्रिवेणीधाम (मर्स्याङ्दी र दोर्दीको दोभान) को बालुवा तथा बालुवा मिसिएको ग्राभेल संकलन र बिक्रीको लागि बेसीशहर नगरपालिका वडा नं ११ का श्री मोहन बहादुर तामाङले रु. १,५५,०००। (एक लाख पचपन्न हजार मात्र) बुझाई मिति २०७७/३/२८ मा कार्यादेश प्राप्त गरेकोमा सो स्थानसम्म जाने सडक पहुँच मार्ग निर्माण हुन नसकेको कारण बालुवा तथा बालुवा मिसिएको ग्राभेल उत्खनन्, संकलन तथा बिक्री गर्न नपाएको हुँदा सो रकम फिर्ता पाउँ भनि निवेदन पेश भएको सम्बन्धमा छलफल हुँदा सडक पहुँच नभएको कारण सो स्थानबाट बालुवा लगायतको सामाग्री उत्खनन्, संकलन तथा विक्री गर्न नसकिएको अवस्थामा निजले जम्मा गरेको रकम रु. १,५५,०००। (एक लाख पचपन्न हजार मात्र) राजश्व फिर्ता खर्च शिर्षक नं २८२११ बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १८ : तीन सदस्यीय समितिलाई निरन्तरता दिने सम्बन्धमा ।

कोराना भाइरस रोकथाम, नियन्त्रण र उपचार तथा यससंग सम्बन्धित विषयमा तत्काल विशेष एवम् आकस्मिक निर्णय लिनुपर्ने परिस्थिति विद्यमान रहेको हुँदा विगत कार्यपालिका बैठकबाट गठित देहाय

वमोजिमको ३ सदस्यीय समितिलाई यससम्बन्धी अधिकार र जिम्मेवारी प्रदान गरिएकोमा यस समितिलाई निरन्तरता दिने निर्णय गरियो ।

देहाय :

१. नगरप्रमुख बेसीशहर नगरपालिका अध्यक्ष
२. उपप्रमुख बेसीशहर नगरपालिका सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

निर्णय नं १९ : विस्तृत परियोजना प्रतिवेदन (DPR) गर्न र निर्माणका निमित्त बजेट माग गर्ने सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ११ रामचोकबेसीमा रहेको निशानकालिका मन्दिर परिसर क्षेत्र पुरातात्विक तथा ऐतिहासिक महत्वका हिसाबले महत्वपूर्ण क्षेत्र भएको हुँदा उक्त स्थानलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न र संरचना निर्माणका निमित्त चालु आव २०७७।०७८ मा आवश्यक बजेट विनियोजन हुने व्यवस्थाको लागि नेपाल सरकार संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र गण्डकी प्रदेश सरकारसंग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं २० : निर्णय अनुमोदन सम्बन्धमा ।

क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापनको लागि बेसीशहर नगरपालिका, क्वोंलासोथर गाउँपालिका र मर्स्याङ्दी गाउँपालिका विचमा गठित अन्तरपालिकास्तरीय समितिको मिति २०७७/५/२ र २०७७/५/२७ मा सम्पन्न बैठकका निर्णयहरु जानकारी हुनुको साथै उक्त निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं २१ :नक्शा पास नगरी निर्माण हुने घरहरुको सम्बन्धमा ।

नगरपालिकाबाट घरनक्शा पास नगरी नगरक्षेत्रभित्र निर्माण गरिएका नीजि भवनहरुमा खानेपानी र विद्युतको मिटर जडान नगर्ने व्यवस्थाको लागि बेसीशहर खानेपानी उपभोक्ता समिति र लमजुङ विद्युत उपभोक्ता संस्थालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं २२ : बालमन्दिरको मर्मत सम्भारको लागि सिफारिश गर्ने सम्बन्धमा

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय पोखराको २०७७।४।२० मा प्रकाशित सूचना अनुसार वर्षा र हावाहुरीका कारण क्षति पुगेका विद्यालयहरुको मर्मत सम्भार र संरक्षणको लागि विद्यालयहरुलाई फाइल पेश गर्न आव्हान गरिएको सन्दर्भमा बेसीशहर नगरपालिका वडा नं ७ स्थित बालमन्दिरमा पहिरो गई विद्यालय भवन जोखीममा रहेको हुँदा उक्त बालमन्दिर मर्मत सम्भारको लागि सिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं २३ : प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

कोरोना रोगको उपचार, नियन्त्रण र रोकथामको लागि साँझ विहान प्रत्यक्ष रुपमा खटिनु पर्ने भएको हुँदा अर्को निर्णय नभएसम्मको लागि बेसीशहर नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख श्री मनोज सिंह बोहोरालाई २०७७ भाद्र महिनाबाट मासिक रु १०,०००।- (दश हजार मात्र) का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २४ : संविधान दिवस २०७७ को सम्बन्धमा ।

संविधान दिवस २०७७ को अवसरमा सम्पुर्ण बेसीशहर नगरबासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दै कोरोना भाइरस संक्रमणको कारण मानिसहरु जम्मा हुने खालका कार्यक्रम, सभा समारोह गर्न नसकिएता पनि घर घरमा दीपावली गर्न अनुरोध गर्ने र परिसम्बाद कार्यक्रम सञ्चालन गर्न सञ्चार माध्यमहरुलाई आग्रह गर्ने निर्णय गरियो ।